# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

# ०७८।०७९


सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला

## हाम्रो भनाइ

शिक्षा मानव जीवनको निर्माणको मार्गनिर्देशक तथा व्यबहार निर्माण गर्ने एक सार्वजनिक बस्तु हो । जहाँ शैक्षिक स्थिति शिक्षा क्षेत्रको मेरुदण्ड तथा मार्ग चित्र सरि शिक्षा उन्नयनको संवाहक हो । जस्ले शिक्षा विकास र गुणस्तरमा अहम भुमिका खेल्दछ र विभिन्न अग्निन्ती शैक्षिक योजना तथा नीति निर्माणमा समेत भुमिका खेल्दछ । देशमा भर्खर आएको संघियता र सो अनुकुलको संविधान निर्माण भए पछिको शिक्षा क्षेत्रमा यसले पारेको प्रभाव र अवसरका कारण आजका शैक्षिक जगत उकालो चढेको अवस्थामा शिक्षा क्षेत्रको लगानी विना मानव जीवनको सही अस्तित्व र औचित्ता नहुने भएकोले आजको दिनमा शिक्षा क्षेत्र संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार सूचिमा रहेकोले पनी स्थानीय तह देखि संघ सरकार सम्मले शिक्षालाई भत्काउन होइन बनाउन तिर केन्द्रित हुनुपर्दछ । नेपालको संविधानको भाग ३ को मौलिक हक सम्बन्धी  धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हनेछ, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निः शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ,  अपांगता भएका र आर्थिक रुपले विपन्न नगरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ त्यैस्तै संविधानाको धारा ५१ मा राज्यका नीति अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगार मूलक, एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अवलम्बन गरेको छ । शिक्षामा अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुरुपको लगानी गर्नु पर्दछ । आजको वैज्ञानिक शिक्षाको परिकल्पना गरिएको सन्दर्भमा शिक्षालाई गुणस्तरीय, वैज्ञानिक तथा व्यवहारिक रुपमा अगाडी बढाउनु पर्दछ । आ२०७८ व./०७९ मा यस शिक्षा युवा तथा खेलकुद शाखाले वास्तविक अवस्थाको विश्लेषण गर्नु महत्वपूर्ण भुमिका रहन्छ ।

यस सिमकोट गाउँपालिका भित्रको शिक्षाको वार्षिक स्थितिको विश्लेषण गर्दै गर्दा यसको ढाँचा दिएर सो प्रतिवेदन निर्माणमा सहयोग गर्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई विशेष धन्यवाद दिन चाहान्छौ । तथ्यांक संकलन र अभिलेखीकरण गर्नमा र  अर्थसम्बद्ध तथ्यांङ्क उपलब्ध गराउनुहुने लेखा अधिकृत बिशाल बोहरा लगायत  यस शिक्षा , युवा तथा खेलकुद शाखामा कार्यरत  सबै कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

कृष्ण प्रसाद आचार्य
प्राविधिक सहायक
शिक्षा,युवा तथा खेलकुद शाखा

**विषयसूची**


| क्र सं | विवरण | पेज नंवर |
|---|---|---|
| | परिच्छेदः १ स्थिति प्रतिवेदन अवस्था | |
| १.१ | पृष्ठभुमी | ५ |
| १.२ | स्थिति प्रतिवेदनको उद्धेश्य | ५ |
| १.३ | स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | ५ |
| १.४ | तथ्याङ्कका स्रोतहरू | ५ |
| २. | परिच्छेद २ शैक्षिक अवस्था | ६ |
| २.१ | साक्षरताको अवस्था | ६ |
| २.२ | शिक्षण सस्थाहरुको सङ्ख्यात्मक विवरण | ६ |
| २.२.१ | सामुदायिक विद्यालय विवरण | ६ |
| २.३ | विद्यार्थी विवरण | ७ |
| २.३.१ | सामुदायिक तर्फ विद्यार्थी विवरण | ७ |
| २.४ | विद्यालय भौतिक अवस्था | ७ |
| २.५ | शिक्षक विवरण | ७ |
| २.६ | सामुदायिक सिकाई केन्द्र | ८ |
| २.७ | नमुना विद्यालय | ८ |
| २.८ | विद्यालय शिक्षाका शैक्षिक सूचकहरु | ९ |
| २.९ | जनशक्ति व्यवस्थापन | ९ |
| | परिच्छेद ३ कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तिय प्रगति | |
| ३.१ | शिक्षा क्षेत्रको बजेट रखर्चको अवस्था | १० |
| ३.१.१ | आ व ०७८/०७९ मा विनियोजित बजेट | १० |
| ३.१.२ | आ व ०७८/०७९ मा विनियोजित बजेटको खर्च को तुलनात्मक विवरण | १० |
| ३.२. | प्रदेश वजेट र खर्च | ११ |
| ३.३ | शिक्षा तर्फ खर्च अबस्था | ११ |
| ३.४ | बजेट उप शिर्षक अनुसार बजेट र खर्चको अवस्था | ११ |
| ३.५ | मुख्य समस्या तथा चुनौतीहरु | १६ |
| ३.७ | कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय | १६ |
| | परिच्छेद ४ उपलब्धि तथा कार्यक्रम विस्तृतिकरण | १७ |
| ४.१ | शिक्षा समितिको निर्णयमा भएका कार्यक्रम विवरण | १७ |
| ४.२ | विद्यार्थी लेखाजोखा प्राविधिक समिति | १८ |
| ४.३ | गाउँपालिका बाट भएका अन्य कार्यक्रमहरु | १८ |
| | परिच्छेद ५ असल अभ्यास ,प्रमुख उपलब्धि चुनौति र समाधानका उपायहरु | १९ |
| ५.१ | असल अभ्यास तथा नवपर्वतनात्मक कार्यक्रमहरू | १९ |
| ५.२ | समग्र कार्यक्रमका उपलब्धीहरू | २१ |
| ५.४ | चुनौतिहरू | २२ |
| ५.५ | चुनौती सामनाका लागि भएका प्रयासहरू | २२ |
| | अनुसुचीहरु | २३ |

## कार्यकारी सारांश

सिमकोट गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा  हुम्लाले आर्थिक वर्ष ०७८।०७९ मा सम्पादन गरेका कार्यहरूको जानकारी दिने उद्धेश्यका साथ यो स्थिति प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनमा सिमकोट गाउँपालिकाको शैक्षिक अवस्थाको तथ्याङ्कीय झलक, आर्थिक वर्ष ०७७।०७८ र ०७८।०७९ को  शसर्त तथा स्थानिय तहको बजेट तथा खर्चको तुलना, समग्र बजेट खर्चको अवस्था कार्यक्रमका उपलब्धी तथा कार्यक्रम संचालनका क्रममा आइपरेका समस्या, चुनौति र समाधानका उपायहरू समेटिएको छ।

आर्थिक वर्ष ०७८।०७९ मा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ का कारणबाट विद्यालय शिक्षाको पठनपाठन, मूल्याङ्कन प्रक्रिया लगायत समग्र शैक्षिक गतिविधि ठप्प नै रहेको अवस्था थियो । वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण गर्ने प्रयासहरू भएता पनि त्यति प्रभावकारी हुन सकेनन । यसको प्रभाव कार्यक्रम कार्यान्वयन मा पनि देखियो। कोभिड १९ को विषम परिस्थितिमा पनि  यस क्षेत्रमा   तोकिएको कार्य विवरण अनुसारको कार्य सम्पादन गरिएको थियो। यस स्थानीय तहमा प्राप्त बजेट उपशीर्षक ३५००००१४ अन्तर्गत ९८।०९  ,३५००००१५ मा ९८.५४ र विद्यालय क्षेत्र विकास कार्यक्रम ३५०००८०१ मा १०० प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष ०७७।०७८ को कार्य सम्पादनको सिलसिलामा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ का कारणबाट विद्यालय शिक्षाको पठनपाठन, मूल्याङ्कन प्रक्रिया लगायत समग्र शैक्षिक गतिविधि ठप्प  रहनु र विद्यालय तहबाट समयमा नै क्भ्क्ष्क्वअपलोड नहुनु र समयमा निकाशा माग नगर्नु नै मूख्य समस्या रहेको थियो।। कार्यक्रम कार्यान्वयनका सन्दर्भमा क्भ्क्ष्क्व को उपयोग, अपलोड गर्ने तरिका लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो। खार्पूनाथ गाउँपालिका  भित्रका क्रियाशील शिक्षक संघ संगठनका पदाधिकारी लगायत खार्पूनाथ शिक्षा समितिको पटक पटक वैठक बसी शिक्षक दरबन्दी मिलानको विषयमा छलफल गरी निष्कर्षमा पुऱ्याउने प्रयास गरिएको छ । प्र अ हरुको  समुहनिमार्ण गरि सोही माध्यमबाट  र सिमकोट गाउँपालिकाको वेभसाईट मार्फत  सेवाग्राहीहरूलाई सूचना तथा जानकारी दिने र सेवाग्राहीहरूलाई अत्यावश्यक पर्ने फाराम तथा  अन्य सामग्री दिने  गरिएको छ। शिक्षक कार्य सम्पादन मूल्याङ्कन फाराम भर्दा प्रत्येक वर्ष धेरै त्रुटि देखिएको हुँदा  स्थानीय तहका शिक्षकहरूलाइ सो सम्बन्धी अभिमुखीकरण गरिएको थियो ।सबै २३  बटा सामुदायिक विद्यालयहरुमा विद्यालय ब्यवस्थापन समितिहरुको पुनर्गठन गरि नयाँ चिराबाट शैक्षिक व्यवस्थापनलाई अधि बढाउन कोशिस गरिएको छ ।समग्रमा न्यून स्रोतसाधनका बावजुद पनि सेवाग्राहीहरूको गुनासो नआउने गरी कार्य सम्पादन गर्ने प्रयास गरिएको छ।

## परिच्छेद- १

## स्थिति प्रतिवेदनको परिचय

१.१ पृष्ठभूमि

सिमकोटगाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखा ले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेका कार्यहरुको सम्बन्धित निकायमा जानकारी गराउने उद्धेश्यका साथ यो स्थिति प्रतिदिन तयार गरिएको हो । सिमकोट गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखाले आ.व. २०७८।२०७९ मा बजेट उपशीर्षक नं ३५०००८०१,३५००००१४ र ३५००००१५ मा आधारित रही विभिन्न कार्यक्रमहरु संचालन गरेको थियो यसले सम्पादन गरेका सम्पूर्ण गतिविधिहरुको जानकारी दिने उद्धेश्यका साथ यो स्थिति प्रतिवेदन तयार गरिएको छ खार्पूनाथ गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखाको वास्तविक तथ्याङ्क, सम्पादन गरेका कार्यहरु सरोकारवालाहरु सवैलाई जानकारी दिन यो प्रतिवेदनले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### १.२स्थिति प्रतिवेदनको उद्देश्य

- सिमकोट गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखाबाट वर्षभरीमा गरेका कार्यहरुलाई लिपिबद्ध गरी राख्न ।
- विभिन्न सूचकहरुमा गाउँपालिका कहाँ र कुन अवस्थामा छ थाहा पाउन ।
- कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, चुनौतीहरुलाई लिपिबद्ध गरी त्यसबाट पाठ सिकी अर्को वर्ष सहजरुपमा कार्यसम्पादन गर्न ।
- कार्यक्रम कार्यान्वयनमा अपनाइएका राम्रा र सफल अभ्यासहरुलाई लिपिबद्ध गरी त्यसलाई अर्को वर्ष पनि उपयोग गर्न ।
- कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्या तथा चुनौतिहरुका वारेमा सरोकारवालाहरुलाई जानकारी दिन ।

### १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

- सिमकोट **गाउँपालिकाका** विद्यालयहरुमा समन्वय गरी आवश्यक विषयवस्तु संकलन ।
- शाखामा रहेका अभिलेख, प्रतिवेदन र स्रेस्ताको अध्ययन गरी आवश्यक विवरण संकलन ।
- विद्यालय अनुगमन निरीक्षण अनुगमनका क्रममा टिपोट गरिएका समस्या तथा असल अभ्यासहरुको अध्ययन र लिपिवद्ध ।
- शिक्षा विकास तथा समन्वय इकाइ हुम्लाबाट प्राप्त अभिलेख, प्रतिवेदन र स्रेस्ताको अध्ययन गरी आवश्यक विवरण संकलन र सुझाव

### १.४ तथ्याङ्क र सूचनाका स्रोतहरू

- सिमकोट गाउँपालिकाको वस्तुगत विवरण
- विद्यालयलेभरेका एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली
- जिल्ला र गाउँपालिकास्तरबाट भएका अनुगमन निरीक्षण प्रतिवेदन

- शिक्षा सम्बद्ध केन्द्रिय निकायका वेवसाइट तथा प्रतिवेदन
- गाउँपालिकाको अन्य शाखाबाट प्राप्त विभिन्न प्रतिवेदन
- शिक्षा विकास तथा समन्वय इकाइ हुम्ला र गाउँपालिकामा रहेको शैक्षिक प्रोफाइल ,अभिलेख तथा प्रतिवेदन

# परिच्छेद २
# शैक्षिक अवस्था

## २.१. साक्षरताको अवस्था

आर्थिक वर्ष ०६६।०६७ देखिविभिन्न वर्षहरूमा संचालन भएका साक्षरताका कक्षाहरूका आधारमा १५ वर्ष देखि ५९ वर्ष उमेर समूहको साक्षरता प्रतिशत ७५ प्रतिशत पुगेको छ।

## २.२.शिक्षण सस्थाहरुको संख्यात्मक विवरण

### २.२.१.सामुदायिक विद्यालय विवरण

| क्र सं | स्थानीयतह | आधारभूत विद्यालय कक्षा १ देखि ३ | आधारभूत विद्यालय कक्षा १देखि ५ | आधारभूत विद्यालय कक्षा १देखि ८ | माध्यमिकविद्यालय कक्षा १देखि १० | माध्यमिकविद्यालय कक्षा १देखि १२ | जम्मा | वालविकास केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिमकोट गाउँपालिका | १ | १२ | ३ | ६ | १ | २३ | २६ |

## २.३. विद्यार्थी विवरण

### २.३.१.सामुदायिक विद्यालय तर्फ

| क्र सं | स्थानीय तह | प्रारम्भिक बालविकास केन्द्र | | आधारभूतविद्यालय कक्षा १ देखि ५ | | आधारभूतविद्यालय कक्षा ६ देखि ८ | | माध्यमिकविद्यालय कक्षा ९ देखि १० | | माध्यमिकविद्यालय कक्षा ११ देखि १२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | सिमकोट गाउँपालिका | ३४० | ३७५ | ९८० | ९७८ | ४३१ | ४२७ | ३०२ | ३१७ | १९ | १४ |

स्रोत IEMIS 2078

विद्यालयहरुको व्यवस्थापकीय प्रवन्ध

| क्र.स. | विवरण | भएको (विद्यालय संख्या) | नभएको (विद्यालय संख्या) |
|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिको गठन | २३ | |
| २. | विद्यालय व्यवस्थापन समितिको बैठक | ६९ | |
| ३. | शिक्षक अभिभावक सङ्घको गठन | २३ | |
| ४. | शिक्षक अभिभावक सङ्घको बैठक | ४६ | |
| ५. | गत आ.व.मा सामाजिक परीक्षण | २३ | |
| ६. | गत आ.व.को लेखा परिक्षण | २३ | |
| ७. | वार्षिकोत्सव/अभिभावक भेला | २३ | |
| ८. | सरोकारवाला बीच सुनुवाई कार्यक्रम | अप्रयाप्त | |
| ९. | शिक्षक आचारसंहिता प्रदर्शन र पालना | २३ | |
| १०. | विद्यार्थी आचारसंहिता प्रदर्शन र पालना | २३ | |
| ११. | बाल क्लव गठन र सकृयता | छ | |
| १२. | शिक्षक स्टाफ वैठक | १७ | |
| १३. | विद्यालय निरीक्षक/स्रोतव्यक्तिबाट विद्यालय अनुगमन | *अप्रयाप्त* | |
| १४ | वार्षिक कार्यपात्रो निर्माण | प्रयाप्त | |
| १५ | वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन | प्रयाप्त | |
| १६ | दैनिक पाठयोजनासहित शिक्षण | अप्रयाप्त | |
| १७ | प्राथमिक उपचार (First Aid Kit)को व्यवस्था | अप्रयाप्त | |
| १८। | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण | अप्रयाप्त | |
| १९ | विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन | छ | |
| २० | विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यकलाप (विपद् शिक्षा, सम्पर्क व्यक्ति/समूह, स्वःमूल्याङ्कन, सुरक्षाका लागि योजना, आपत्कालिन निकास नक्साङ्कन) | अप्रयाप्त | |

## २.५.शिक्षक विवरण

तह गत शिक्षक दरवन्दी विवरण २०७८

| क्रसं | दरबन्दीको किसिम | स्थायी | अस्थायी | राहत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ५६ | १३ | ४ | ७३ | |
| २ | निम्नमाध्यमिक | १४ | ११ | ५ | ३० | |
| ३ | माध्यमिक | ५ | ० | ७ | १२ | |
| ४ | माध्यमिक११,१२ | ० | ४ | ० | ४ | |
| ५ | सहायकप्रशिक्षक | ० | ४ | ० | ४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्रशिक्षक | ० | ४ | ० | ४ | |
| | | ७५ | ३६ | १६ | १२७ | |

## २.७. सामुदायिक सिकाइ केन्द्र विवरण

| क्र स | सामुदायिक सिकाइकेन्द्रको नाम | स्थापना मिति | ठेगाना | सहजकर्ताको नामथर | सम्पूर्कनम्बर | अध्यक्षको नामथर | सम्पूर्कनम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ठेर्ह सामुदायिक सिकाइकेन्द्र | २०७० | सिमकोट गा.पा.- २ | धनकी बोहरा | ९८६०६८४९४२ | जङ्ग बोहरा | ९८४८३१५६१५ | |
| २ | सिमकोट सामुदायिक सिकाइकेन्द्र | २०७० | सिमकोट गा.पा.- ४ | जुनदेवी कुमारी सिंह | ९८६८३९३१३१ | गोर रावत | ९८६८३११००७ | |
| ३ | डाँडाफया सामुदायिक सिकाइकेन्द्र | २०६० | सिमकोट गा.पा.- ७ | भारती शाही | ९८४८३१३३०४ | अजय शाही | ९८४८३१८०५६ | |
| ४ | स्याँडा सामुदायिक सिकाइकेन्द्र | २०६० | सिमकोट गा.पा.- ८ | देविसरा बुढा | ९८४८३८८०९१ | मनसुर बुढा | ९८४८१०१८४१ | |

| **क्रसं** | **स्थानीयतह** | **विद्यालय** | **किसिम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सिमकोट गाउँपालिका | मानसरोवर मा वि | नुमना माध्यमिक | ६९० जना विद्यार्थी अध्ययनरत रहेका छन । |

## २.१०.विद्यालय शिक्षाका शैक्षिक सूचकहरू

### २.१०.१ सहजै देखिने भर्नादरसँग सम्बन्धित विवरण

| s.n. | Local level Name | GIR in Grade 1 | | | GER in Lower basic | | | GER in Upper basic | | | GER in Basic | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 1 | Simkot R.M. | 104.9 | 108.3 | 106.8 | 110.0 | 109.8 | 109.9 | 100.5 | 97.3 | 98.9 | 105.8 | 104.7 | 105.2 |
| | | 106.5 | 108.9 | 107.7 | 108.6 | 109.9 | 109.2 | 100.9 | 99.5 | 100.3 | 105.3 | 105.7 | 105.5 |

| s.n. | Local level Name | GER in Secondary (G9-10) | | | GER in Secondary (G11-12) | | | GER in Secondary (G9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 1 | Simkot R.M. | 95.0 | 49.2 | 65.4 | 50.3 | 49.0 | 49.6 | 65.5 | 49.1 | 56.0 |
| | | 109.2 | 78.1 | 91.8 | 50.5 | 49.3 | 49.9 | 77.3 | 63.8 | 70.1 |

### २.१०.२.खुद भर्नादर सँग सम्बन्धित विवरण

| S.n. | Local level Name | NIR in Grade 1 | | | NER in Lower basic | | | NER in Upper basic | | | NER in Basic level | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girl | Boy | Tota | Girl | Boy | Tota | Girl | Boy | Tota | Girl | Boy | Tota |

| | | s | s | l | s | s | l | s | s | l | s | s | l |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Simkot R.M. | 96.1 | 95.6 | 95.8 | 96.3 | 97.1 | 96.7 | 97.7 | 94.1 | 95.9 | 96.9 | 95.8 | 96.3 |
| | | 95.5 | 98.1 | 96.8 | 96.1 | 97.7 | 96.9 | 96.8 | 96.5 | 96.7 | 96.6 | 96.8 | 96.7 |

| S.n. | Local level _Name | NER in Secondary (G9-10) | | | NER in Secondary (G11-12) | | | NER in Secondary (G9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 1 | Simkot R.M. | 71.0 | 82.2 | 76.6 | 29.1 | 22.4 | 25.7 | 50.0 | 52.3 | 51.2 |
| | | 75.2 | 86.8 | 81.0 | 29.3 | 25.4 | 27.3 | 52.2 | 56.1 | 54.2 |

स्रोत ;शिक्षा विकास तथा समन्वय इकाइ , हुम्ला

## २.११ जनशक्ति व्यवस्थापनको अवस्था

सिमकोट गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा को संरचना देहाय अनुसार रहेको छ |

**शिक्षा युवा तथा खेलकुद शाखाकोदरबन्दी संरचना**

शिक्षा /शिक्षा प्रशासन ९ प्रा ) अधिकृत छैटौ तह १

शिक्षा /शिक्षा प्रशासन ९ प्रा ) प्राविधिक सहायक पाचौ तह १

## परिच्छेद ३

## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

### ३.१. आ.ब व २०७८/०७९ को गाउँपालिकामा शसर्त र स्थानीय तहबाट आफ्नो स्रोतबाट विनियोजित बजेट

आ.व. :२०७८/७९अवधी :२०७८/०४/०१-२०७९/०३/३२माथिल्लो बजेट उपशीर्षक : सिमकोट गाउँ कार्यपालिकाबजेट प्रकार : चालुक्षेत्र : सामाजिक विकासउप क्षेत्र : शिक्षारु. लाखमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | इकाई | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|
| ८०६६४५०७१०१ सिमकोट गाउँपालिका | | | | | | |
| १ | प्रारम्भिकबालविकास सहजकर्ताहरुको पारीश्रमिक तथा शैक्षिक अनुदान | पटक | १,१७ | ९३ | ७९.८६ | २३ |
| २ | शैक्षिकअनुदान कार्यक्रम | पटक | ५ | ० | ० | ५ |
| ३ | कर्णालीमा.वि आवासियचौगानफया वडा न ०७ | पटक | ७ | ७ | १००. | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | रलिङ्ग माध्यमिक विद्यालय आवासिय वडा न ०३ | पटक | ७ | ७ | १००. | ० |
| ८०६६४५०७२०५ सिमकोट गाउँपालिकावडा नं.५ | | | | | | |
| ५ | बालविकासकर्मचारीहरुको लागी प्रोत्साहन | पटक | २ | ० | १६ | १ |
| ६ | दलितअपाङ्ग र विपन्न वालवालीकाहरुलाइ शैक्षिक सामाग्री वितरण | पटक | २ | २ | १०० | ० |
| कुल जम्मा | | | १,४१ | १,०९ | ७८ | ३१ |

३.२ शिक्षा क्षेत्रको वजेटको खर्चको अवस्था आ व २०७८/०७९

| ब हि न | शिर्षक | बिनियोजन रु (लाखमा ) | खर्च रु ( लाखमा ) | वित्तीय प्रगति | बाँकी बजेट |
|---|---|---|---|---|---|
| 1.१.३.३ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षककालागि तलब भत्ता अनुदान विषेश शिक्षा अन्तरगतका शिक्षक कर्मचारी समेत | ६२२।८५ | ६२२।८५ | १०० | ०।०० |
| 1.1.३.४ | माध्यमिकतहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षकका लागि तलब भत्ताअनुदान ९विषेश शिक्षा अन्तरगतका शिक्षककर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत ( | १४८ | १४८ | १०० | ०।०० |
| 1.1.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारीश्रमिक तथा विद्यालयकर्मचारी व्यबस्थापन अनुदान | ५८।२४ | ५८।२४ | १०० | ०।०० |
| !11.1.2.1 | विद्यालय भौतिक निर्माण | | | | |
| 2.4.6.1 | सार्वजनिकविद्यालयकाविद्यार्थीहरूका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | २०।६६ | २०।६६ | १०० | ०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| 2.7.13.10 | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | २६।२६ | २६।२६ | १०० | ०।०० |
| 2.7.13.11 | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परंपरागत)विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | १८।३२ | १८।३२ | १०० | ०।०० |
| 2.7.13.13 | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ८६।६४ | ८६।६४ | १०० | ०।०० |
| 2.7.13.3 | प्रतिविद्यार्थीलागतका आधारमा शिक्षणसिकाइसामग्री एवम् कक्षा ८ कोपरीक्षा व्यवस्थापन अनुदान | २६।३६ | २५।७०७ | ९७।५२ | ०।६५३ |
| 7.2.1.1. | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति आवासीय ) तथागैरआवासीय( | ८६।७४ | ८६।७४ | १०० | ०।०० |
| 2.7.11.1 | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | ७२।४३ | ७२।४३ | १०० | ०।०० |
| 2.7.13.23 | सामुदायिकविद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड ब्यवस्थापन | १०।९७ | १०।९७ | १०० | ०।०० |
| 2.7.13.33 | अंग्रेजी गणित विज्ञान विषयमा शिक्षण सहयोग | २८।३६ | २८।३६ | १०० | ०।०० |
| 2.7.25.62 | कोभिडका १९ कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिककार्यक्रम | ८।७६ | ८।७६ | १०० | ०।०० |
| 2.7.13.37 | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमभोतिक पूवाधार कार्यक्रम | ७२ | ७१।४३ | ९९।२१ | ०।५६४ |
| | राष्ट्रपति रनिङ शिल्ड | १ | १ | १०० | ०।०० |

**शिर्षकगत बजेट र खर्चको वित्तीय विवरण , आर्थिक बर्ष २०७७/०७८**

३.३.२ तलब उपशीर्षक : सिमकोट गाउँपालिका , सबैका लागि शिक्षा, आधारभूत (३५०००१४ )

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केतको नाम | विनियोजितबजेट | जम्माखर्च | वित्तीय प्रगति | बाँकी बजेट |
|---|---|---|---|---|---|
| २११११ | १.१.३.४-आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षकका लागि तलब भत्ताअनुदान ९विषेश शिक्षा अन्तरगतका शिक्षककर्मचारी समेत ) | ६२२।८५ | ६२२।८५ | १०० | ०।०० |
| कुलजम्मा | | ६२२।८५ | ६२२।८५ | १०० | ०।०० |

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केतको नाम | विनियोजितबजेट | जम्माखर्च | वित्तीय प्रगति | बाँकी बजेट |
|---|---|---|---|---|---|
| २११११ | १.१.३.४- माध्यमिकतहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षकका लागि तलब भत्ताअनुदान ९विषेश शिक्षा अन्तरगतका शिक्षककर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत ( | १४८ | १४८ | १०० | ०।०० |
| कुलजम्मा | | १४८ | १४८ | १०० | ०।०० |

### ३.३.३ बजेट उपशीर्षक विद्यालय क्षेत्र विकास कार्यक्रम [३५०००००८०१]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केतको नाम | इकाइ | भौतिक लक्ष्य | विनियोजित बार्षिक बजेट | जम्माखर्च | वित्तीय प्रगति | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|
| 25311/22522 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारीश्रमिक तथा विद्यालयकर्मचारी व्यबस्थापन अनुदान | सहजकर्ता र कर्मचारी | ५६ | ५८।२४ | ५८।२४ | १०० | ०।०० |
| 25311/22522 | विद्यालय भौतिक निर्माण | | १ | १०० | ६६।४६ | ६६।४६ | ३३।५३ |
| 25311/22522 | सार्वजनिकविद्यालयकाविद्यार्थीहरूका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | | | २०६६ | २०६६ | १०० | ०।०० |
| 25311/22522 | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | | | २६।२६ | २६।२६ | १०० | ०।०० |
| 25311/22522 | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परंपरागत)विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | | | १८।३२ | १८।३२ | १०० | ०।०० |
| 25311/22522 | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | ८६।६४ | ८६।६४ | १०० | ०।०० |
| 25311/22522 | प्रतिविद्यार्थीलागतका आधारमा शिक्षणसिकाइसामग्री एवम् कक्षा ८ कोपरीक्षा व्यवस्थापन अनुदान | | | २६।३६ | २५।७०७ | ९७।५२ | ०।६५३ |
| 25311/22522 | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति आवासीय ) तथागैरआवासीय( | | | ८६।७४ | ८६।७४ | १०० | ०।०० |
| 25311/22522 | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | | | ७२।४३ | ७२।३ | १०० | ०।०० |
| 25311/22522 | सामुदायिकविद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड ब्यवस्थापन | | | १०।९७ | १०।९७ | १०० | ०।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 21111 | अंग्रेजी गणित विज्ञान विषयमा शिक्षण सहयोग | | | २८।३६ | २८।३६ | १०० | ०।०० |
| 25311/22522 | कोभिडका १९ कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिककार्यक्रम | | | ८।७६ | ३।७६ | ४२।९२ | ५।०० |
| 25311/22522 | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमभोतिक पूवाधार कार्यक्रम | | | ७२ | ७१।४३५ | ९९।२१ | ०।५६४ |
| | | | | | | | |

**३.३.४ बजेट उपशीर्षक सिमकोट गाउँपालिका शिक्षा चालु**

| आ.व. : २०७८/७९अवधी :२०७८/०४/०१-२०७९/०३/३२माथिल्लोबजेट उपशीर्षक : संघीय सरकारबाटहस्तान्तरित कार्यक्रमबजेट प्रकार :चालुक्षेत्र : सामाजिक विकासउप क्षेत्र : शिक्षारु. लाखमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च शीर्षक | इकाई | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| ८०६६४५०७५११संघीयसरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | | | | | |
| १ | आधारभूततहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | २११११ | पटक | ५७७ | ५७७ | १००.०० | ० |
| २ | माध्यमिकतहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकलागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक/कर्मचारीप्राविधिक धारका प्रशिक्षक समेत) | २११११ | पटक | १४८ | १४८ | १००.०० | ० |
| ३ | आधारभुततथा माध्यमिक तहमा स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षककाे थप तलबभत्ता | २११११ | पटक | ४५ | ४५ | १००.०० | ० |
| ४ | प्रारम्भिकबाल विकास सहजकर्ताहरुकाे पारीश्रमिक तथा विदालय कर्मचारी व्यवस्थापन थपअनुदान | २११११ | पटक | ६ | ६ | १००.०० | ० |
| ५ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | २११२२ | पटक | ६७ | ६७ | १००.०० | ० |
| ६ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाई अनुदान | २११२२ | पटक | ४ | ४ | १००.०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २११३९ | पटक | ५ | ५ | १००.०० | ० |
| ८ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरणएवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २११३९ | पटक | ८० | ८० | १००.०० | ० |
| ९ | सवैका लागिशिक्षा-शिसु विकास कार्यक्रम अन्तरगततोकिएका वाल विकास केन्द्रआधारभुत शिक्षाअनौपचारिक शिक्षानीति तथासुरक्षित विद्यालयका कार्यक्रम कार्यान्वयन | २२४१३ | पटक | ४ | ४ | १००.०० | ० |
| १० | प्रारम्भिकबाल विकाससहजकर्ताहरुको पारिश्रमिक तथाविद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २२४१३ | पटक | ४७ | ४७ | १००.०० | ० |
| ११ | प्रारम्भिकबाल विकाससहजकर्ताहरुको पारिश्रमिक तथाविद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २२४१३ | पटक | ३ | ३ | १००.०० | ० |
| १२ | प्रतिविद्यार्थीलागतका आधारमा शिक्षणसिकाइसामग्री एवम् कक्षा ८ कोपरीक्षा व्यवस्थापन अनुदान | २२५२२ | पटक | १ | १ | ६३.५२ | ० |
| १३ | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथागैरआवासीय) | २२५२२ | पटक | ५ | ५ | १००.०० | ० |
| १४ | सार्वजनिकविद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथागैरआवासीय) | २२५२२ | पटक | ८१ | ८१ | १००.०० | ० |
| १५ | प्रतिविद्यार्थीलागतका आधारमा शिक्षणसिकाइसामग्री एवम् कक्षा ८ कोपरीक्षा व्यवस्थापन अनुदान | २२५२२ | पटक | २४ | २४ | १००.०० | ० |
| १६ | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | २२५२९ | पटक | १ | १ | १००.०० | ० |
| १७ | GPE कोसहयोगमा कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिककार्यक्रम | २२५२९ | पटक | ५ | ० | ०.०० | ५ |
| १८ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २२५२९ | पटक | १० | १० | १००.०० | ० |
| १९ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क | २२५२ | पटक | ० | ० | १००.० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्यानिटरी प्याड ब्यवस्थापन | ९ | | | | ० | |
| २० | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | २२५२ ९ | पटक | १९ | १९ | १००.० ० | ० |
| २१ | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | २२७१ १ | पटक | २४ | २४ | १००.० ० | ० |
| २२ | विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान | २२७१ १ | पटक | १ | १ | १००.० ० | ० |
| २३ | कोभिड - १९का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | २५३१ १ | पटक | ० | ० | ११.११ | ० |
| २४ | माध्यमिकतह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २५३१ १ | पटक | २० | २० | १००.० ० | ० |
| २५ | आधारमुत तहकक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २५३१ १ | पटक | ६ | ६ | १००.० ० | ० |
| २६ | शैक्षिकपहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालयवैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २५३१ १ | पटक | १ | १ | १००.० ० | ० |
| २७ | आधारमुत तहकक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २५३१ १ | पटक | ० | ० | १००.० ० | ० |
| २८ | कोभिड - १९का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | २५३१ १ | पटक | ३ | ३ | १००.० ० | ० |
| २९ | शैक्षिकपहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालयवैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २५३१ १ | पटक | १७ | १७ | १००.० ० | ० |
| ३० | माध्यमिकतह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २५३१ १ | पटक | १ | १ | १००.० ० | ० |
| कुलजम्मा | | | | १२१८ | १२१ २ | ९९.५१ | ५ |

३.३.५ बजेट उपशीर्षक सिमकोट गाउँपालिका शिक्षा पूजिगत

| आ.व. : २०७८/७९अवधी :२०७८/०४/०१-२०७९/०३/३२माथिल्लोबजेट उपशीर्षक : संघीय सरकारबाटहस्तान्तरित कार्यक्रमबजेट प्रकार :पूंजीगतक्षेत्र : सामाजिक विकासउप क्षेत्र : शिक्षारु. लाखमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | इकाई | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| ८०६६४५०७५११संघीयसरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | | | | | |
| १ | केन्द्रबाटछनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | नेपालसरकार - शसर्त अनुदानपुँजीगत | पटक | ९३ | ५९ | ६४ | ३३ |
| २ | केन्द्रबाटछनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | नेपालसरकार - शसर्त अनुदानपुँजीगत [ एस.एस.डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक)] | पटक | ७ | ७ | १०० | ० |
| ३ | विदालयकक्षाकाेठा निर्माण अनुदान (२ काेठे तथा ४ काेठे भवन) | नेपालसरकार - शसर्त अनुदानपुँजीगत [ एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | संख्या | ७२ | ७१ | ९९ | ० |
| कुल जम्मा | | | | १,७२ | १,३७ | ८० | ३४ |

३.४ मुख्य समस्या तथा चुनौती र समग्र वजेट शीर्षकलाइ समेटी उल्लेख गर्ने

सिमकोट गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले कार्यक्रम कार्यान्वयन लगायत अन्य क्षेत्रमा सामना गर्नु परेका मुख्य समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन।

- कोभिड १९ का कारण विद्यालयहरु सञ्चालनमा नआउदा समयमा नै तथ्याङ्क संकलनमा कठिनाई भै तोकिएको समयमै कार्य सम्पादन गर्न कठीनाइ
- कुनै शिर्षकमा बढि बजेट आउने कुनैमा नपुग भै समयमा नै कार्य सम्पादन गर्न सम्मस्या रहेको।
- स्थानीय तहका लागि योजना तर्जुमा प्रतिवेदन तयारी लगायतका कार्यका लागि प्राविधिक सहयोग तथा क्षमता विकास तालिमका लागि अवसर नभएको ।

- सवै निकासाहरु विद्यालय तहमा जाने  तर खर्च गर्ने नर्म्स बारे  विद्यालयका सरोकारवालहरुका लागि क्षमता विकास का कुनै पनि कार्यक्रम बजेट नहुनाका कारण खर्च गर्ने नर्म्स बारे  जानकारी दिन  नसकिएको ।
- शिक्षकको प्राविधिक ग्रेड निर्धारण गर्न स्थानिय तहलाई जिम्मेवारी दिएको तर सो बारे स्थानिय तहमा शिक्षकहरुको कुनै अभिलेख नरहेको हुदा ग्रेड निधार्रण गरि निकासा दिन कठिनाई भएको ।

**३ .५ सुधारका उपाय**

सुधारका लागि देहाय अनुसार गर्नु पर्ने देखिन्छ ।

- विभिन्न तालिम संचालनका लागिएउटै नर्म्सको व्यवस्था गर्नुपर्ने । सहभागीहरूलाइ कम्तिमा आउन जान र बासको व्यवस्थापन गर्न पुग्ने गरी नर्म्सको व्यवस्था हुनुपर्ने ।
- स्थानीय तहका शिक्षा शाखा का कर्मचारीहरु र विद्यालयका सरोकारवालाहरु विच कम्तिमा २ महिनामा १ पटक समन्वय वैठकको व्यवस्था गर्न सके प्रभावकारी हुने देखिन्छ । सो का लागि बजेटको व्यवस्था गरिएको खण्डमा प्रतिवेदनको कार्य प्रभावकारी हुने देखिन्छ ।
- समयमा नै सवै शिर्षकको बजेट निकासा हुने व्यवस्था हुनु पर्ने ।
- शिक्षकको प्राविधिक ग्रेड केन्द्रबाट नै निर्धारण  गरि  पठाईदिएमा निकासा दिन सहज हुने देखिन्छ

## परिच्छेद- ४

## उपलब्धितथा कार्यक्रम विस्तृतीकरण

**४.१ शिक्षा समितिको बैठक बाट निम्न कार्यक्रमका लागि तपशिलका विद्यालयहरु छनौट भै कार्यक्रम सम्पन्न भएको छ ।**

**तपशिल**

| क्र स | कार्यक्रम नाम | विद्यालय | रकम | कार्यक्रम अवस्था |
|---|---|---|---|---|
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५ वटा | ८५०००००। | |
| २ | विद्यालयमा कार्यरत जनशक्तिहरुको क्षमता विकास तालिम | ५४ जना | ३१२०००। | |
| ३ | प्रारम्भिक बालविकासका सहजकर्ताहरु अभिमुखीकरण | ३० जना | २२९०००। | |
| ४ | सिकाई सामग्री छपाई तथा विवरण | २७ वटा | ३७६०००। | |
| | जम्मा | | ९४१७०००। | |

## ४.२  जिल्लाको एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली कार्यान्वयनको अवस्था

सिमकोट  गाउँपालिकाको  एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको कार्यान्वयन सन्दर्भमा विद्यालय तहमा शैक्षिक नीति अभिमुखीकरण कार्यक्रम संचालन गर्ने क्रममा IEMIS  सँग सम्बन्धित विषयवस्तुलाइ समेत समेटेर अभिमुखीकरण गरिएको थियो । उक्त अभिमुखीकरणमा यसको महत्त्व, उपयोगिता र के कस्ता प्रतिवेदन कसरी प्राप्त गर्ने भन्ने विषयमा स्पष्ट पारिएको थियो । विद्यालयमा कार्यरत   प्र अ र कर्मचारीलाई  क्ष्भ्क्ष्क  मा भर्नु पर्ने अनिवार्य विषयवस्तुका बारेमा जानकारी गराइएको थियो ।

## ४.५विद्यार्थी  लेखाजोखा प्राविधिक  समिति

स्थानिय तहमा  शाखा प्रमुख को संयोजकत्वमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ अनुसार **विद्यार्थी लेखाजोखा प्राविधिकसमिति  गठन भएको छ ।**

**४.७ कार्यक्रम अनुगमन**

गाउँ शिक्षा समितिका पदाधिकारी  बिषय विज्ञ हरुको संयूक्त अनुगमन टोली बनाई २ समुह बाट गाउँपालिकाका वाट बनाईएको अनुगमन फाराम अनुसार भौतिक , आर्थीक एंव शैक्षिक क्षत्रको अनुगमन , शिक्षक सहायता  विद्यार्थी सत्यापन कार्य सहित  चौमासिक रूपमा अनुगमन गरिएको थियो। अनुगमन प्रभावकारी ररहेको थियो।

**४.९ वजेट वाहेकका अन्य कार्यक्रमको कार्यान्वयन अवस्था**

**४.९.१. सामाजिक परीक्षण र विद्यालय सुधार योजना**

विद्यालयहरूको सामाजिक परीक्षण र विद्यालय सुधार योजनाप्रतिवेदन  संकलन भएको  र त्यसको मूल्याङ्कन गरिएको

**४.९.३निरन्तर विद्यार्थी मुल्याङ्कन**

कक्षा १ देखि ३ सम्मको एकिकृत पाठ्यक्रम मा आधारित रहेर सबै विषयको निरन्तर मूल्याङ्कन रजिष्टर तयार पारी वितरण गरिएको छ।

## परिच्छेद-५

## असल अभ्यास ,प्रमुख उपलब्धी,चुनौती तथा समाधानका उपायहरु

**५.२.   असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यक्रमहरु**

सिमकोट **गाउँ**पालिकामा  विगतका विद्यालय क्षेत्र  विकास कार्यक्रम , माध्यमिक शिक्षा विकास कार्यक्रम जस्ता गैह्र सरकारी सस्थाहरु बाट धेरै मात्रामा राम्रा तथा अनुकरणीय कार्यहरू भएका छन् । नगर क्षेत्र भित्रका केहि सामुदायिक विद्यालयहरुले राष्ट्रिय स्तरका सम्मान पुरस्कार बाट सम्मानित भै  राम्रा कार्य तथा अभ्यासहरू गरेका छन् । २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचन पछि बनेको स्थानीय सरकारले यस अवस्थामा थुप्रै राम्रा अभ्यासका कार्यक्रम ल्याइएता पनि निम्न कार्यक्रम उल्लेख गर्न सान्दर्भिकता भएको छ जसका कारणले वालवालिका विद्यालयको पहुँचमा वृद्धिका साथै कक्षा छाड्ने र कक्षा दोहाऱ्याउने परिपाटिको सन्दर्भमा न्यूनिकरण भएको छ । सेवा प्रवाहमा समेत सुधारका संकेतहरू देखिएका छन् । विगतमा भएका राम्रा अभ्यास मध्ये केहीमा न्यूनता-सून्यता देखिएता पनि धेरै कार्यक्रमका अभ्यासहरूले निरन्तरता पाएका छन् । जस्तै मदरसा मूल प्रवाहीकरण, विद्यालय सुधार योजना, ( क्ष्ए०निर्माण, शिक्षक तालिम, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ (क्ःऋ-एत्ब) गठन, सामाजिक परीक्षण, लैङ्गीक सहभागिता र सामावेशी करण, वालमैत्री कार्यक्रम, अपाङ्गता क्षेत्रहरू ।

**क. खाजा कार्यक्रमको व्यवस्था :**

सामुदायिक विद्यालयहरुमा  मा अध्ययनरत बाल शिक्षा  देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिका हरूलाई विद्यालयमा उपस्थित भएको दिन दिवा खाजाका लागि दैनिक रू. २०।- प्रदान गरिएको छ र समुदायद्वारा सञ्चालनमा रहेका वालविकास केन्द्रमा रु १०००००। दरले अनुदान दिइएको छ भने बालविकास केन्द्रहरुमा शैक्षिक सामग्री का लागि किट बक्स वितरण गरिएको छ । यस कार्यले बालविकास केन्द्रहरूमा विशेष गरी गरीव तथा कमजोर वर्गका बच्चाहरूलाई दैनिक खाजाको समस्या

नरहने र एकरूपता हुने देखिन्छ भने सहयोगी कार्यकर्तालाई शिक्षण मा हौसला प्रदान गर्न मद्दत गरेको देखिन्छ ।

**ख. बुक कर्नरको व्यवस्था :**

यस गाउँपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयमा बुक कर्नर (शैक्षिक कुना) सुरक्षित र रमाइलो व्यवस्थापन गर्नको लागि गाउँपालिका भित्र विद्यार्थी संख्याको आधारमा न्यूनतमदेखि अधिकतम रकम अनुदान उपलब्ध गराइएको छ । जसबाट स-साना नानीवाबुहरूलाई सिकाइमा भरपुर सहयोग पुग्ने देखिन्छ ।

**ग. आर्थिक सुविधामा वृद्धि**

यससिमकोट गाउँपालिकामा मा वि तहमा शून्य दरवन्दी रहेका विद्यालयहरुमा निजी स्रोत शिक्षक, व्यवस्थापनका लागि बार्षिक १४०००००लाखका दरले अनुदान दिइदै आएको छ जसबाट शिक्षक व्यवस्थापन भै शिक्षणमा सुधार हुने अपेक्षा गरिएको छ ॥

**घ. परीक्षामा नयाँ व्यवस्थापन :**

